# नीलकण्ठ नगरपालिकाको दोश्रो नगरसभाको

## दोश्रो अधिवेशनमा नगर प्रमुख भीम प्रसाद ढुंगानाद्धारा प्रस्तुत

# नीति तथा कार्यक्रमको समिक्षा प्रतिवेदन

मितिः- २०७९/११/२१

यस गरिमामय नगर सभामा उपस्थित नगर उप-प्रमुखज्यु, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण नगर कार्यपालिका सदस्यज्यूहरु, नगरसभाका सम्पूर्ण सदस्यज्यूहरु, कर्मचारी मित्रहरु, आमन्त्रित पत्रकार मित्रहरु र अन्य उपस्थित सम्पूर्ण महानुभावहरु ।

१. नीलकण्ठ नगरपालिकाको निर्वाचित जनप्रतिनीधिहरुको दोश्रो नगरसभाको दोश्रो अधिवेशनमा तपाई सम्पूर्णमा हार्दिक स्वगत गर्दछु । जनताको प्रत्यक्ष सहभागिता रहने स्थानीय सरकारको प्रमुखको रुपमा दोश्रो कार्यकालका लागि अमूल्य मत दिई निर्वाचित गर्नुहुने र नगरसभाका सम्पूर्ण सदस्यहरुलाई ५ बर्षे कार्यकालका लागि नगर बिकासमा जोडिने अवसर प्रदान गर्नुहुने सबै नगरबासीहरुमा हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्न चाहन्छु । स्वतन्त्रता र स्वायत्तताको लागि भएको जनक्रान्ति, सशस्त्र संघर्ष र विभिन्न समयको जनआन्दोलनमा सहादत प्राप्त गर्ने सम्पूर्ण ज्ञात अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु, ।

२. स्थानीय तहको प्रथम निर्वाचित जनप्रतीनिधिहरुबाट नगर विकासका लागि बसालिएको जगमा इट्टा थप्दै दोश्रो नगरसभाको प्रथम अधिवेशनबाट पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गरी निर्वाचनका बेला गरिएका प्रतिबद्धता अनुरुप नगरको समग्र विकास गर्ने ऐतिहासिक जिम्मेवारीलाई पूरा गर्ने दायित्व हामीले निर्वाह गरिरहेकाछौं ।

३. उपलब्ध विविध साधन श्रोत, संघ तथा प्रदेश सरकारले उपलब्ध गराएको अनुदान, नगरपालिकाको आफ्नै आन्तरिक आयश्रोत, कर्मचारी प्रशासन र सम्पूर्ण नगरबासीहरुको न्यानो साथ एवम् विभिन्न दातृ संघ संस्था तथा निकायसँगको सहकार्यको साथमा मतदाताहरुले सुम्पिएको यो ऐतिहासिक जिम्मेवारीलाई योजनाबद्धरुपमा पूरा गर्न हामीले प्रथम अधिवेशनमा घोषित गरेका नीति तथा कार्यक्रम अनुसारका कार्यहरु अघि बढाइरहेकाछौं । आगामी ५ बर्ष भित्र देशकै नमुना पूर्वाधारयुक्त पर्यटकीय नगरको रुपमा नीलकण्ठ नगरपालिकाको विकासको गति अघि बढिरहेको उद्घोषका साथ हाम्रो कार्यकालभित्र घोषित प्रतिबद्धता पुरा गर्ने प्रण गर्दछु ।

<u>**नगरसभा सदस्यज्यूहरु**</u>,

४. नगर विकासका लागि पूर्वाधारका हिसावले ब्यापक समस्याहरु विद्यमान रहेता पनि नीलकण्ठ नगरपालिकाको पहिलो निर्वाचित जनप्रतिनीधिका रुपमा हामीले सेवा प्रवाह र पूर्वाधार विकासमा उल्लेख्य उपलब्धी हाँसिल गरेका छौं । निर्वाचित भए लगत्तै नगरपालिकाको समग्र विकासका लागि १० बर्षे एकीकृत सहरी विकास योजना निर्माण गरी ठोस कार्ययोजनाका साथ हामी अघि बढेका थियौं । सेवा प्रवाहमा चुस्तता, पूर्वाधार विकासमा उल्लेख्य प्रगति, आवश्यकता र मागको सिद्धान्तमा आधारित बजेट ब्यवस्थापन गर्दै स्थानीय सरकारको संस्थागत संरचना विकासमा हामीले यो ५ बर्षमा नतीजामुखी परिणाम हाँसिल गरेकाछौं ।

५. स्थानीय सरकारको नियमित बजेट भन्दा कयौं गुणा बढि बजेट विभिन्न श्रोत, साझेदारहरु र दातृ निकायबाट प्राप्त गरी हामीले विभिन्न विधामा देशभरमा उत्कृष्ठ नगरको रुपमा नीलकण्ठ नगरपालिकालाई स्थापीत गरेकाछौं । हामीले नगरको समग्र विकासका लागि गर्नुपर्ने धेरै छ, नगरबासीहरुका महत्वकांक्षा र अपेक्षाहरु असिमित रहेकाछन्, तथापि हामीले गरेको काम, बजेट विनियोजन र कार्यान्वयनको परिणाम मापनयोग्य बनेकोछ । स्थानीय मामिलाका विज्ञ, देशका प्रतिष्ठित

विज्ञहरु र संघीय मामिला मन्त्रालयको स्वमुल्यांकन मानकमा नीलकण्ठ नगरपालिकाले पटक पटक उत्कृष्ठता हासिल गरी नगरबासीलाई गौरवान्वित बनाएकोछ ।

६. सेवा प्रवाहमा चुस्तता, पारदर्शिता सहित जनप्रीय कार्यक्रमहरु हामीले विगत ५ बर्षको कार्यकालमा शुरुवात गरेका थियौं । जनप्रतीनिधिको दोश्रो कार्यकालमा देखिने खालको दीगो र समग्र विकासका लागि हामीले प्रथम नगर अधिवेशनमा जनमुखी नीति तथा कार्यक्रम प्रस्तुत गरी इमान्दारिताका साथ कार्यन्वयनमा लागि परिरहेकाछौं ।

७. सुत्केरीलाई निःशुल्क एम्बुलेन्स, विपन्न परिवारहरुलाई रु. १० हजार अन्तिम संस्कार खर्च, विपदमा तत्काल राहत उद्धार, कोभिड प्रतिकार्यमा प्रभावकारी ब्यवस्थापन, कृषि, सहकारी, र उद्यमीहरुलाई विशेष अनुदान सहितको सहायता कार्यक्रम, पशुबिमामा ९० प्रतिशत अनुदान, ७ वटा नयाँ स्वास्थ संस्था स्थापना गरी निःशुल्क रुपमा यथेष्ट औषधी र ल्याब सेवा, शिक्षा क्षेत्रमा विशेष लगानी, सामाजिक संस्था, सहकारी, सामुदायिक, सांस्कृतिक, जातिय र धार्मीक संस्थाहरुलाई मागमा आधारित सहयोग, घुम्ती सेवा मार्फत टोलटोलमा सेवा सुविधा हामीले गरेका नागरिक सेवाको नमुना उदाहरण हुन् ।

८. तिर्खामुक्त नगरको अवधारणमा बृहत खानेपानी आयोजना, ९५ किलोमिटर नगर चक्रपथको ट्रयाक निर्माण कार्य सम्पन्न गर्ने देखि धादिङ बेशी बजारको करिडोरको डि.पि.आर गरी निर्माण शुरुवात हामीले गरिरहेको बृहत योजनाहरुमा पर्दछन् । हामीले नेतृत्व सम्हालेदेखि झण्डै ८५० किलोमिटर सडक पूर्वाधार निर्माण भएकोछ । ५ बर्षे कार्यकालमा सम्पन्न हुन नसकेका सडक पूर्वाधारहरु, एक घर एक धारा सहित सवै नगरबासीको घर घरमा खानेपानी सेवा, नमुना उद्योगग्राम, धादिङवेशी बृहत खानेपानी आयोजना आगामी बर्ष सम्म सम्पन्न हुने नगर गौरबका आयोजनाका रुपमा अघि बढिरहेकाछन् ।

९. आगामी ५ बर्ष भित्रमा पहिलो कार्यकालमा निर्मित एकीकृत सहरी विकास योजना अनुसार गर्नुपर्ने बाँकी काम पुरा गर्दै देशकै नमुना नगरपालिकाको रुपमा स्थापित हुने गरी विकासको जग बलियो पार्ने हाम्रो जिम्मेवारीछ । बजार क्षेत्रको नमुना ब्यवस्थापन सहित ब्यवसायिक प्रबद्र्धन र गाउँ बस्तीहरुमा उत्पादनमुखी कार्यक्रम मार्फत नगरवासीको आयअर्जनको बृद्धि गरी समृद्ध नगर बनाउन सकिने योजना अबका प्राथमिकतामा पर्नेछन् ।

**<u>नगरसभा सदस्यज्यूहरु</u>**,

१०. निर्वाचनका बेला नीलकण्ठ नगरलाई देशकै नमुना पूर्वाधार सहितको पर्यटकीय सहरको रुपमा स्थापित गर्ने परिकल्पनालाई साकार पार्न आवश्यक पूर्वाधार निर्माण र सेवा क्षेत्रमा सुधारलाई मुख्य प्राथमिकतामा राखी हामिले यस बर्षको नीति तथा कार्यक्रम तय गरेका थियौं । चुनावी घोषणापत्रमा समावेश गरिएका सबै विषय पहिलो बर्षकै कार्यक्रममा समेट्न नसकिए पनि परिकल्पना अनुरुप नीति निर्माण गरी पूर्वाधार र वातावरण तयार गर्दै जाने गरी हामीले कार्यान्वयनलाई प्रभावकारी बनाउने प्रयास गरिरहेकाछौं ।

११. यस आर्थिक बर्षको घोषित कार्यक्रम अनुसार नीलकण्ठ नगरपालिकाको समग्र विकास पूर्वाधार निर्माण र प्राथमिकताक्रम निर्धारण गर्न बृहत सुझाब संकलन, नगर तथ्यांक संकलन एवम् प्रोफाइल निर्माण गर्ने कामलाई अघि बढाइएकोछ । नीलकण्ठ नगरपालिकाको १४ वटै वडामा विकासका पूर्वाधार निर्माण गरी चुस्त स्थानीय सरकार सञ्चालन गर्न विभिन्न विषयगत प्राथमिकता निर्धारण गरिएकोछ । ती विषयगत प्राथमिकता सहित हामिले प्रस्तुत गरेको आर्थिक बर्ष २०७९/०८० को नीति तथा कार्यक्रमका प्रमुख प्राथमिकता र हालसम्मको उपलब्धिहरुको समिक्षा तपाईहरु समक्ष पेश गर्दैछु ।

१२. नीलकण्ठ नगरपालिकालाई देशकै नमूना पूर्वाधारयुक्त पर्यटकीय सहरको रुपमा विकास गर्ने परिकल्पनालाई कार्यान्वयन गर्न दीर्घकालीन सोचकासाथ योजनाबद्ध क्रियाकलाप अघि सहरी योजना आयोगको समेत काम गर्ने गरी नीलकण्ठ नगर विकास प्राधिकरण गठन तथा सञ्चालन गर्न ऐन नियमावली यसै अधिवेशनबाट पास गर्न प्रस्तुत भैसकेकोछ । सहरी योजना आयोग, सामाजिक उद्धम, दीगो पूर्वाधार, अन्तरपालिका समन्वय र तोकिएका आयोजनाहरु सञ्चालन गर्ने जिम्मेवारी सहित नगर विकास प्राधिकरणको गठन यस अधिवेशन लगत्तै हुनेछ । ब्यवस्थित सहरीकरण र नयाँ नमूना आवास क्षेत्र विकास कार्यका लागि सम्भाब्य स्थल पहिचान गरी कार्यप्रारम्भ गर्ने तथा नागरिक सेवा र सुशासन अभिबृद्धि गर्न खुल्ला स्थानीय सरकार कार्यक्रम प्राधिकरण मार्फत सञ्चालन गरिनेछ ।

१३. हाम्रो कार्यकाल भित्र नगरका सवै बडा केन्द्रहरुमा कालोपत्रे सहितको पक्की सडक संरचना निर्माण गर्ने हाम्रो प्रतिबद्धताछ । नीलकण्ठ नगरपालिकाको गौरबका आयोजनाका रुपमा रहेको ९५ किलोमिटर चक्रपथलाई हरितमार्गको रुपमा विकास गर्न र धादिङवेशी करिडोर सडकलाई अगामी ५ बर्षमा स्तरबृद्धिकासाथ पूर्णता दिन काम अघि बढिरहेकोछ ।

१४. नगरक्षेत्रका सवै वडामा एक वडा एक गौरबका योजना सञ्चालन गरी क्रमागत रुपमा बजेट विनियोजन गरी देखिने खालको नमूना विकास आयोजना सञ्चालन गर्न सवै वडा समितिहरुलाई अनुरोध गरिएकोछ । नीजि सार्वजनिक साझेदारी कार्यक्रमलाई अवलम्बन गर्दै धादिङवेशीमा अत्याधुनिक पार्किङ प्रणाली सहितको बसपार्क र बहूउद्देश्यीय भवन निर्माणका लागि नेपाल पूर्वाधार विकास बैंक (निफ्रा) सँग सहकार्य प्रारम्भ गरिएकोछ । बजार र ग्रामीण क्षेत्रको फोहोरलाई ब्यवस्थापन गर्न घटाउने, पुनर्पयोग र प्रशोनध गर्ने प्रणाली सञ्चालन गरी शुन्य ल्याण्डफिल्ड साइटको अवधारणामा काम गर्न सम्भाव्यता अध्ययन भै जग्गा छनौटको कार्य अन्तिम चरणमा पुगेकोछ ।

१५. धादिङवेशी बजारमा सह-लगानी कोषबाट स्वीकृत भैसकेको ४६ करोड बजेटलाई समायोजन गरी बृहत खानेपानी आयोजना सञ्चालन कार्य अघि बढिरहेकोछ । सवै वडामा एक घर एक धारा हुने गरी तिर्खामुक्त नगरको लक्ष्य पुरा गर्न थप श्रोतको पहिचान गरिएकोछ । लिफ्टीङबाट सञ्चालित खानेपानी आयोजनामा विद्युत महशुल नगरपालिकाको तर्फबाट सत्तरी (७०) प्रतिशत भुक्तानी हुने व्यवस्था मिलाईएकोछ ।

<u>नगरसभा सदस्यज्यूहरु,</u>

१६. नगरकेन्द्रमा विशेषज्ञ डाक्टर र अनुसन्धान सेवा सहितको शहरी स्वास्थ क्लीनिक सञ्चालन गर्ने र सवै वडाका स्वास्थ संस्थामा टेलिमेडिसिन सेवा मार्फत स्तरीय स्वास्थ उपचारको ब्यवस्था गर्न प्रविधि र पूर्वाधारमा सुधार कार्य अघि बढेकोछ । सवै नगरबासीहरुलाई स्वास्थ विमा मार्फत बार्षिक २ लाख बराबरको निशुल्क स्वास्थ उपचार सेवा उपलब्ध गराउन आवश्यक समन्वय र कार्यक्रम संचालन अवधारण निर्माण भैरहेकोछ ।

१७. नगरपालिका क्षेत्रमा कम्तिमा एउटा बहुप्राविधिक शिक्षालय सञ्चालन गर्ने हम्रो प्रतिबद्धता अनुसार सि.टि.ई.भि.टीको आंगीक संस्थाको रुपमा नीलकण्ठ बहुप्राविधिक शिक्षालय सञ्चालन शुरुवात भएकोछ । हाल डिप्लोमा इन सिभिल इन्जिनियरिङ (स्पेशल हाइड्रोपावर) र डिप्लोमा इन अटो मोवाइल विषय पढाइ भैरहेकोमा तत्काल फार्मेसी लगायतका विषय थप हुने प्रक्रिया अघि बढिसकेकोछ ।

१८. एक वडा एक नमुना श्रोत विद्यालय घोषणा गरी नगरपालिका भित्रका सवै विद्यालयहरुमा इन्टरनेट, सूचना प्रविधि र आवश्यक साधनश्रोत सम्पन्न बनाउँदै गुणस्तरीय शिक्षा प्रदान गर्ने कार्यक्रम अघि बढिरहेकोछ । नेपाल दुरसञ्चार प्राधिकरण संग सहकार्य गरी नगर भित्रका ५६ वटा आधारभूत

विद्यलयहरुमा ब्रोडब्याण्ड इन्टरनेट सेवा शुरुवात गरिएकोछ । नगर शिक्षक अनुदान, विषयगत शिक्षक क्षमता विकास, शैक्षिक पूर्वाधार विकास, ल्यापटप साझेदारी तथा शैक्षिक गुणस्तर बृद्धिका लागि आवश्यक कार्यक्रम सञ्चालन भैरहेकाछन् ।

१९. नीलकण्ठ नगरपालिकालाई नमुना पर्यटकीय गन्तब्य नगरको रुपमा विकास गर्न पर्यटन मैत्री पूर्वाधारको प्रवर्धन गर्न निर्माण प्रारम्भ भएको नीलकण्ठेश्वर महादेवको मूर्ति क्षेत्रमा नमूना पार्क निर्माण कार्य थालनी भएकोछ ।

२०. सूचना प्रविधिको विकासका लागि नगरपालिकाले शुरुवात गरेको नबप्रवर्धनात्मक साझेदारीलाई प्रभावकारी बनाउँदै नगरकेन्द्र र सवै वडा तथा विषयगत कार्यालयलाई आन्तरिक नेटवर्क प्रणालीमा जोड्ने गरी कनेक्टिभिटीको कार्य अघि बढिरहेकोछ । एकीकृत सहरी सुरक्षा प्रणालीमा सूचना प्रविधिलाई जोड्दै सि.सि.टी.भी तथा अनलाईन मार्फत सिटी सर्भिलेन्स कार्य स्तरबृद्धिका साथ अघि बढिरहेकोछ ।

२१. एक गाउँ एक उत्पादनको नीतिलाई प्रवर्धन गर्दै कृषि तथा पशुपंक्षी विकासका लागि विनियोजित बजेटबाट प्रभावकारी नतिजा हासिल गर्न आवश्यक कार्यविधि निर्माण गरी किसान छनौट तथा माग संकलन कार्य भैरहेकोछ । हामीले यस बर्ष देखि शुरु गर्न लागेको मोबाइल भेटनरी सेवा शुरु गर्न १४ वटै वडामा भेटनरी सहायक नियुक्ती गर्ने कार्य अघि बढिसकेकोछ । विगत देखि नगरपालिकाले लिएको मागमा आधारित ज्ञान, उत्पादनमा आधारित अनुदानलाई प्रभावकारी कार्यान्वयनका लागि कार्यविधि निर्माण गरी काम प्रारम्भ गरिएकोछ ।

२२. नगरपालिकाको उद्यम विकास रणनीतिक योजनामा आवस्यक परिमिार्जन गरी आगामी ५ बर्ष भित्र नगरक्षेत्रमा १ हजार लघुउद्यम स्थापना तथा प्रवर्धन गर्ने हाम्रो लक्ष्य रहेकोछ । जसलाई मूर्त रुप

दिन सञ्चालन भैरहेको मेयर उद्यमशिलता विकास कार्यक्रम मार्फत अनुदानमा ऋण प्रवाह गर्न ग्लोबल आइ.एम.ई बैंक संग सम्झौता गरी उद्यमीहरुलाई अनुदानमा ऋण प्रवाह गर्न शुरु गरिएकोछ ।

२३. नीलकण्ठ नगरलाई खेलमैत्री नगरको रुपमा विकास गर्न खेलकुद रंगशाला तथा नमुना खेलकुद पाठशाला स्थापना गर्ने र हरेक वडाहरुमा खेलकुद विकासका लागि खेलमैदान निर्माण तथा आवश्यक खेल प्रशिक्षण केन्द्र स्थापना नीति अनुसारका क्रियाकलापहरु सञ्चालन भैरहेकाछन् ।

२४. नगरपालिकालाई यसै आर्थिक बर्ष भित्र बालमैत्री नगर घोषणा गर्ने गरी निर्धारित सूचक अनुसारका कृयाकलापहरु अघि बढिरहेकाछन् ।

२५. नीलकण्ठ नगरक्षेत्रलाई वातावरणमैत्री नगर घोषणा गर्दै पर्यावरण संरक्षण, सामुदायिक तथा कबुलियती वन संरक्षण, वनमा आधारित आय आर्जन कार्यक्रम र हरियाली प्रवर्धन कार्यक्रमलाई सघन रुपमा सञ्चालन सञ्चालन गर्न विषयगत शाखा र विभिन्न साझेदार संघ संस्थाहरु संग समन्वयात्मक क्रियाकलाप अघि बढिरहेकोछ ।

२६. कला संस्कृति र ललितकलाको प्रवर्धन तथा उन्नयनका लागि नीलकण्ठ प्रज्ञा प्रतिष्ठान ऐन, २०७८ अनुसार नीलकण्ठ प्रज्ञा प्रतिष्ठानमा पदाधिकारीहरुको मनोनयन गरी विभिन्न कार्यक्रम सञ्चालन शुरुवात भैसकेकोछ । साहित्य, कला र संस्कृतिकर्मीको उचित सम्मान सहित परम्परागत जात्रा, मेला र महोत्सवमा आवश्यक साझेदारी गर्ने नीति अनुसार नगरपालिकाको समेत विशेष पहलकदमी र आर्थिक सहयोगमा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिण्ठान नेपालको आठौं राष्ट्रिय महाधिवेशन नगरकेन्द्र धादिङवेशीमा सम्पन्न भएकोछ । ऐतिहासिक यस महाधिवेशनबाट नीलकण्ठ नगरपालिकालाई देशभर चिनाउने महत्वपूर्ण अवसर नीलकण्ठ नगरले प्राप्त गरेकोछ ।

२७. नीलकण्ठ नगरपालिकालाई सम्पूर्ण रुपमा लैंगिक भेदभावमुक्त स्थलको रुपमा घोषणा गरी लैंगिक तथा सामाजिक समावेशीकरणका क्षेत्रमा आवश्यक कार्यक्रमहरु सञ्चालन भैरहेकाछन् । महिला हिंसा, बालविवाह, बोक्सीप्रथा, जातीय छुवाछुत, बर्गीय विवेद एवम् कुनै पनि खालको असमानता र विवेदका विरुद्ध शुन्य शहनशिलताको नीति अनुसार सचेतना क्रियाकलापहरु सञ्चालन भैरहेकाछन् । महिला, दलित, अपांग, विपन्न, आदिवासी जनजाती, एकल महिलाहरुलाई राज्यले ज्ञारेन्टी गरेको सवै प्रकारका अधिकारको प्रत्याभूत गरिनेछ । उनीहरुको आवश्यकता र माग अनुसारको कार्यक्रम प्राथमिकताका साथ सञ्चालन भैरहेकाछन् ।

२८. नीलकण्ठ नगरपालिकालाई विपद् ब्यवस्थापनको क्षेत्रमा नमुना नगरको रुपमा विकास गर्न आवश्यक पूर्वाधार र ब्यवस्थापन कार्य भैरहेकोछ । नगरपालिका केन्द्रमा स्थापित आपतलकालीन कार्य सञ्चालन केन्द्रलाई विपद् ब्यवस्थापन श्रोत केन्द्रको रुपमा समेत विकास गरी प्रकोप न्यूनिकरण, पूर्वतयारी, राहत, उद्धार, पुनरुथापना जस्ता प्रत्येक चरणमा नगरपालिकाको शिघ्र सेवा प्राप्त हुने ब्यवस्था मिलाइएकोछ । नगरक्षेत्रमा भएका विपद् जन्य घटनामा मृतक तथा पिडित परिवारलाई यथाशक्य उद्धार तथा राहतका कार्यक्रम सञ्चालन गरिएकोछ ।

२९. नगरवासीको माग र चाहना अनुसारका आवश्यक विकास निर्माण तथा सहायताका कार्यक्रमहरु सञ्चालन भैरहेकाछन् । विचारमा विविधता विकासमा एकताको शुत्रलाई आत्मसाथ गर्दै नगरविकासका लागि विभिन्न राजनीतिक दल तथा नागरिक समाजले अघिसारेका राम्रा योजनाहरुलाई अनुसरण गर्दै नगरविकास कार्यक्रममा समावेश गरिएकाछन् । नगरका विभिन्न टोल र वस्तीमा गठित टोल विकास संस्थाहरुलाई नगरपालिकाको अभिन्न इकाइको रुपमा स्वीकार गरी सहकार्यमा विभिन्न विकास तथा सचेतना कार्यक्रम सञ्चालन शुरु गरिएकोछ । यसै बर्ष भित्र नगरका सवै वडाका सवै टोलबस्तीहरुमा

टोल विकास संस्था गठन गरी वडा समितिको सामुदायिक एकाइका रुपमा टोल विकास संस्थालाई विकास गर्ने गरी आवश्यक तयारी र निर्देशन भैसकेकेकोछ ।

**<u>नगर सभाका सदस्यज्युहरु</u>**,

हाम्रो कार्यकालको पहिलो नीति तथा कार्यक्रम आगामी ५ बर्षको हाम्रो कार्यकालको जग बसाउने नीति तथा कार्यक्रम पनि भएकाले यो बर्षको नीति कार्यक्रमले हाम्रो कार्यकालको कार्ययोजनाको रुपरेखा समेत मैले कोर्ने विश्वास लिएकोछु । नीलकण्ठ नगरपालिकालाई सक्षम स्थानीय सरकारको रुपमा विकास गर्न जनप्रतीनिधि, कर्मचारी र हाम्रा लक्षीत समुदायको क्षमता विकासलाई विशेष प्राथमिकता दिँदै क्षमता विकास योजना, ५ बर्षे आवधिक विकास योजना र कार्यान्वयनका लागि रणनीतिक योजनाका साथ हामीले काम गर्नु पर्नेछ । हाम्रो कार्यकालको यो अमूल्य समयलाई सदुपयोग गर्दै निश्वार्थ रुपमा जनसेवामा लाग्ने प्रतिबद्धता ब्यक्त गर्दै सम्पूर्ण नगरसभा सदस्यज्यूहरु र कर्मचारी मित्रहरु नगरको सक्षम कार्यसमूहको सदस्यका रुपमा इमान्दार भै लाग्नु हुनेमा पूर्ण विश्वास गर्दछु । चालु बर्षको नीति, कार्यक्रम र बजेटको प्रभावकारी कार्यान्वयन मार्फत विकासका लक्ष्य हासिल हुनेमा पूर्ण विश्वस्त हुँदै सबै नगरबासीको साथ सहयोगको अपेक्षा गर्दछु ।

जय नीलकण्ठ !

जय नेपाल !

**नीलकण्ठ नगरपालिकाको दोस्रो नगरसभाको दोस्रो अधिवेशनमा**

# उप प्रमुख दिपक विश्वकर्माद्वारा प्रस्तुत आ.व.२०७८/०७९ को यथार्थ आय /व्यय र यस आ.व. २०७९/०८० को संसोधित बजेट तथा कार्यक्रम

*मितिः २०७९/११/ २२*

**श्री नगर सभाका सभाध्यक्षज्यू,**

**नगरसभाका सदस्यज्यूहरु,**

**प्रमुख प्रशासकीय अधिकृतज्यू एवम् कर्मचारी मित्रहरु,**

आज हामी नीलकण्ठ नगरपालिकाको दोस्रो नगरसभाको दोस्रो अधिवेशनमा उपस्थित भएका छौं । आजको यस गरिमामय सभामा उपस्थित सवैलाई हार्दिक स्वागत गर्दछु । यस महत्वपूर्ण अवसरमा नेपालको राजनीतिक परिवर्तनको स्थापनार्थ जनआन्दोलन, जनयुद्ध, मधेस आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु। राजनीतिक परिवर्तनको दौरानमा जनआन्दोलन, जनयुद्ध र लोकतान्त्रिक आन्दोलनको विभिन्न चरणका सम्पूर्ण वेपत्ता योद्धाहरु प्रति स्मरण सहित उच्च सम्मान प्रकट गर्दछु । साथै सम्पूर्ण घाइते योद्धा तथा पिडित परिवार प्रति सम्मान व्यक्त गर्दछु ।राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता र समताका लागि सक्षम नेतृत्व प्रदान गर्नुहुने एवम् मान्य नेतृत्वमा रहनुहुने ब्यक्तित्वहरु प्रति हार्दिक नमन ब्यक्त गर्दछु ।

मुलुकमा संघीयता कार्यान्वयन संगसंगै हामी निर्वाचित भएको अवधि देखिनै नगरको विकास र समृद्धिको लागि सिमित स्रोत र साधनलाई प्रयोग गरी अधिकतम सकारात्मक प्रयासहरु गर्दै विभिन्न चुनौतीहरु सामना गर्दै यो अवस्थामा आइपुगेका छौ । यस भन्दा अगाडीका नगरसभाबाट पारित नीति कार्यक्रम तथा बजेटलाइ कार्यान्वयन गर्न सिंगो जनप्रतिनिधि तथा कर्मचारीहरु पत्रकार नागरिक समाज तथा नगरबासी सबै सरोकारवाला निकायको उच्च मुल्याङकन गर्दछु । आगामी दिनमा सबै सरोकारवाला निकायको पूर्णरुपमा सहयोगको अपेक्षा गर्दछु ।

अव म गत आ.व.२०७८/७९ को बजेट तथा खर्चको यथार्थ विवरण प्रस्तुत गर्दछु ।

| **वजेट** | | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|
| चालु | **७४,४५,०७,६६४** | **५९,८३,७८,११७.४७** | **८०.०४** |
| पुँजिगत | **४५,४१,९८,७६३.३१** | **२७,६८,८४,५४६.२३** | **६०.९६** |
| **कुल जम्मा** | **१,१९,८७,०६,४२७.३१** | **८७,५२,६२,६६३.७** | ७३.०१ |

चालु आ .व.०७९/८० को लागि यस नीलकण्ठ नगरपालिकाको दोस्रो नगरसभाको प्रथम अधिवेशनबाट स्वीकृत बजेट तथा कार्यक्रमको विषयमा हामी सवैलाई विदितै छ । उक्त स्वीकृत बजेट तथा कार्यक्रममा विभिन्न निकायबाट केही थप बजेट प्राप्त हुन आएको र थप बजेटवाट विभिन्न संघिय कार्यक्रमहरुमा विनियोजन भएका योजना तथा कार्यक्रमहरु समावेश हुनजाँदा र क्षेत्रगत रुपमा विनियोजित विभिन्न कार्यक्रमहरुमा विनियोजन बजेट घटी वढी हुनगएको हुँदा सो को संशोधित विवरण सभामा प्रस्तुत गर्दै अनुमोदनका लागि प्रस्तुत गरेको छु ।

दोस्रो नगरसभाको प्रथम अधिवेशनबाट विनियोजित बजेट चालुतर्फ रु ८५,०६,५५,९९१।- र पुँजिगततर्फ रु ६३,०२,०३,२६४।- गरी कुल जम्मा रु १,४८,०८,५९,२५५।- को बजेट अनुमान गरी सो अनुसार विनियोजन भएकोमा सशर्त अनुदानतर्फ थप प्राप्त अख्तियारी बमोजिम पुँजिगत तथा चालू शिर्षकमा केही रकम थप घट हुन गएकाले चालु आ.व.०७९/०८० का लागि देहाय बमोजिम बजेट /कार्यक्रम संशोधन हुन गएको व्यहोरा प्रस्तुत गर्दछु ।

**संशोधित बजेट**

| **पुर्व स्वीकृत बजेट रकम** | | **संसोधित बजेट** | |
|---|---|---|---|
| चालु | ८५,०६,५५,९९१।- | चालु | ८७,७१,२५,९९१।- |
| पुँजिगत | ६३,०२,०३,२६४।- | पुँजिगत | ६२,११,०३,२६४।- |
| **कुल जम्मा** | **१,४८,०८,५९,२५५।-** | **कुल जम्मा** | **१,४९,८२,२९,२५५।-** |
| *उपरोक्त अनुसार हुँदा चालु आ.व.को बजेट रु १,७३,७०,०००।- ले वृद्धि हुनजाने भएको छ ।* | | | |

## बजेट ब्यहोरिने संसोधित श्रोत अनुमान यस प्रकार छ।

| आ.व. २०७९/०८० | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | स्रोत समूह | बजेटको स्रोततह/ | स्रोत | विधि | अनुमानित आय |
| १ | संघीय सरकार नेपाल सरकार १३३११समानिकरण अनुदान नगद अनुदान- | | | | २४,८८,००,०००।- |
| २ | संघीय सरकारनेपाल सरकार १३३१२ शसर्त अनुदान-चालु र पूजिगत नगद अनुदान | | | | ४४,७३,७०,००० |
| २. १ | संघीय सरकार | नेपाल सरकार | शसर्त अनुदान चालु | नगद अनुदान | ३७,०५,७०,०००।- |
| २. २ | अन्तरिक श्रोत | आन्तरिक ऋण | आन्तरिक श्रोत | नगद ऋण | २,५०,००,०००।- |
| २.३ | बैदेशिक श्रोत | एस.पि .एस .इ. | अन्तराष्ट्रिय अन्तर-सरकारी संस्थाबाट प्राप्त चालु तर्फको ऋण | सोधभर्ना हुने ऋण (बैदेशिक) | २,५१,००,०००।- |
| २. ४ | बैदेशिक श्रोत | आई डि ए | वैदेशिक ऋणको प्राप्ति | सोधभर्ना हुने ऋण (बैदेशिक) | ४९,००,०००।- |
| २. ५ | बैदेशिक श्रोत | एस.पि .एस .इ. | सोधभर्ना हुने अनुदान चालु तर्फ | सोधभर्ना अनुदान ( बैदेशिक) | १,२३,००,०००।- |
| २.६ | संघीय सरकार | नेपाल सरकार/आन्तरिक ऋण | सशर्त अनुदान पूजिगत | नगद अनदान | ९२,००,०००।- |
| २.७ | बैदेशिक श्रोत | आई डि ए | अन्तराष्ट्रिय अन्तर-सरकारी संस्थाबाट प्राप्त पूजिगतअनुदान | सोधभर्ना हुने ऋण (बैदेशिक) | ३,००,०००।- |
| ३.१ | प्रदेश सरकार | वाग्मती प्रदेश | समानिकरण अनुदान | नगद अनुदान | २,५७,५९,०००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| ३.२ | प्रदेश सरकार | वाग्मती प्रदेश | शसर्त अनुदान चालु | नगद अनुदान | ४,३७,३०,०००/- |
| ३.३ | प्रदेश सरकार | वाग्मती प्रदेश | विषेश अनुदान चालु | नगद अनुदान | ७५,००,०००/- |
| ३.४ | प्रदेश सरकार | वाग्मती प्रदेश | समपुरक अनुदान चालु | नगद अनुदान | २१९८७२०००/- |
| ४.१ | राजस्व बाडफाड | राजस्व बाँडफाँड प्रदेश सरकार - | राजस्व बाँडफाँड | नगद | ६,०६,८४,०००/- |
| ४.२ | राजस्व बाडफाड | राजस्व बाँडफाँड संघीय सरकार - | राजस्व बाँडफाँड | नगद | १४,३२,७८,०००/- |
| ४.३ | अन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ३७,१७,३६,२५५/- |
| ४.४ | राजस्व बाडफाड | मालपोत रजिष्ट्रेसन दस्तुर | आन्तरिक श्रोत | नगद | ३,००,००,०००/- |
| ४.५ | आन्तरिक श्रोत | आन्तरिक श्रोत | आन्तरिक श्रोत | नगद | ६,०५,००,०००/- |
| ४.६ | राजस्व बाडफाड | दहत्तर बहत्तर | आन्तरिक श्रोत | नगद | ९,००,०००/- |
| ५ | संघीय सरकार | नेपाल सरकार | समपुरक अनुदान | नगद अनुदान | १,७०,००,०००/- |
| ६ | संघीय सरकार | नेपाल सरकार | विशेष अनुदान | नगद अनुदान | १,२०,००,०००/- |
| **जम्मा** | | | | | **१,४९,८२,२९,२५५/** |

## २.यस चालु आ.व. को श्रोतगत खर्चको अवस्था यस प्रकारको रहेको छ ।

| सि.नं. | क्षेत्र/ उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| **१** | **आर्थिक विकास** | **१२०२६४४४६.००** | **१५६८७६३३.००** | **१३.०४** | **१०,४५,७६,८१३.००** |
| १ | कृषि | ५,९०,१०,०००.०० | ५६,६६,१११.०० | ९.६ | ५,३३,४३,८८९.०० |
| २ | उद्योग | १,३४,५०,०००.०० | १५,७९,०६०.०० | ११.७४ | १,१८,७०,९४०.०० |
| ३ | पर्यटन | १,६३,००,०००.०० | ७,००,०००.०० | ४.२९ | १,५६,००,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | सहकारी | ८९,५०,००.००० | १८,९९,६२०.०० | २१.२२ | ७०,५०,३८०.०० |
| ५ | वित्तीय क्षेत्र | ३,००,०००.०० | ०००. | ० | ३,००,०००.०० |
| ६ | जलश्रोत तथा सिंचाई | ६१,८०,०००.०० | ३५,४१,३७६.०० | ५७.३ | २६,३८,६२४.०० |
| ७ | पशुपन्छी विकास | १,३६,२४,४४६.०० | २३,०१,४६६.०० | १६.८९ | १,१३,२२,९८०.०० |
| ८ | वाणिज्य | ३,५०,०००.०० | ०००. | ० | ३,५०,०००.०० |
| ९ | आपूर्ति | २१,००,०००.०० | ०००. | ० | २१,००,०००.०० |
| **२** | **सामाजिक विकास** | **६१,७९,६९,९४५.००** | **३३,१९,०६,९५३.३०** | **५३.७१** | **२८,६०,६२,९९१.७०** |
| १ | शिक्षा | ४२,५३,०८,९४५.०० | २८,३८,५९,८११.०० | ६६. ७३ | १४,१४,४९,१३४.०० |
| २ | स्वास्थ्य | ८,१८,७५,०००.०० | २,८४,५१,११३.३० | ३४. ७५ | ५,३४,२३,८८६.७० |
| ३ | खानेपानी तथा सरसफाई | ७,७०,५४,०००.०० | १,५९,१८,४३३.०० | २०.६६ | ६,११,३५,५६७.०० |
| ४ | भाषा तथा संस्कृति | ३८,४०,०००.०० | ५,९०,०००.०० | १५. ३६ | ३२,५०,०००.०० |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | २,३६,२०,०००.०० | १४,२४,००७.०० | ६. ०३ | २,२१,९५,९९३.०० |
| ६ | युवा तथा खेलकुद | ५६,३०,०००.०० | १६,१३,५८९.०० | २८.६६ | ४०,१६,४११.०० |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | ६,४२,०००.०० | ५०,०००.०० | ७. ७९ | ५,९२,०००.०० |
| **३** | **पूर्वाधार विकास** | **५०,२१,२६,७६४. ००** | **८,७६,३४,४८६ .०१** | **१७. ४५** | **४१,४४,९२,२७७. ९९** |
| १ | यातयात पूर्वाधार | २६,९९,५६,७६४. ०० | ५,५९,२५,८१२.०० | २०. ७२ | २१,४०,३०,९५२.००. |
| २ | भवन, आवास तथा सहरी विकास | २१,११,४३,०००.०० | २,९९,१९,५७५.०१ | १४. १७ | १८,१२,२३,४२४.९९ |
| ३ | उर्जा | २४,५०,०००.०० | ११,७१,०३६.०० | ४७. ८ | १२,७८,९६४.०० |
| ४ | संचार तथा सूचना प्रबिधि | १,५०,२७,०००.०० | २,३१,४२५.०० | १.५४ | १,४७,९५,५७५.०० |
| ५ | सम्पदा पूर्वाधार | २७,५०,०००.०० | ०००. | ० | २७,५०,०००.०० |
| ६ | पुनर्निर्माण | ८,००,०००.०० | ३,८६,६३८.०० | ४८. ३३ | ४,१३,३६२.०० |
| **४** | **सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र** | **५,१९,६४,५००.००** | **८४,३३,०२४.००** | **१६. २३** | **४,३५,३१,४७६.००** |
| १ | वातावरण तथा जलवायु | १,४५,००,०००.०० | २५,००,०००.०० | १७. २३ | १,२०,००,०००.०० |
| २ | विपद व्यवस्थापन | ५८,८२,५००.०० | ५,८९,७०३.०० | १०. ०२ | ५२,९२,७९७.०० |
| ३ | मानब संशाधन विकास | ६७,००,०००.०० | ०००. | ० | ६७,००,०००.०० |
| ४ | शान्ति तथा सुव्यवस्था | ४,६२,०००.०० | ३४,७३०.०० | ७. ५२ | ४,२७,२७०.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | कानुन तथा न्याय | २२,००,०००.०० | ०००. | ० | २२,००,०००.०० |
| ६ | शासन प्रणाली | ३,००,०००.०० | ०००. | ० | ३,००,०००.०० |
| ७ | श्रम तथा रोजगारी | १,१८,००,०००.०० | ३३,१७,६९८.०० | २८. १२ | ८४,८२,३०२.०० |
| ८ | योजना तर्जुमा र कार्यन्वयन | ९,००,०००.०० | ०००. | ० | ९,००,०००.०० |
| ९ | प्रशासकीय सुशासन | ७६,३०,०००.०० | १७,४३,०६४.०० | २२. ८४ | ५८,८६,९३६.०० |
| १० | वित्तीय सुशासन | १५,९०,०००.०० | २,४७,८२९.०० | १५. ५९ | १३,४२,१७१.०० |
| **५** | **कार्यालय सञ्चालन तथा प्रशासनिक** | **१८,८५,३३,६००.००** | **८,८३,०७,७९२.२०** | **४६. ८४** | **१०,०२,२५,८०७.८०** |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १८,८५,३३,६००.०० | ८,८३,०७,७९२.२० | ४६. ८४ | १०,०२,२५,८०७.८० |
| **कुल जम्मा** | | **१,४८,०८,५९,२५५.००** | **५३,१९,६९,८८८.५१** | **३५. ९२** | **९४,८८,८९,३६६.४९** |

## अब म हाल सम्मको प्रगति विवरण पेश गर्दछु ।

आ.व. २०७९/०८० को प्रगति सम्बन्धमा चालुतर्फ रहेको बजेट रु ८५,०६,५५,९९१। - मा रु ४१,९७,३४,५२०.५०।- खर्च भएको छ । भने पुजिगत तर्फ कुल बजेटको रु ६३,०२,०३,२६४।– मा रु १२,४१,२४,५६२।- खर्च भएको छ । यसरी हेर्दा चालु खर्च तर्फ (४९.३४) प्रतिशत खर्च रहेको छ भने पूँजीगत खर्च तर्फ (१९.६९) प्रतिशत खर्च रहेको छ ।

सामाजिक सुरक्षा तर्फ रु २५,०९,२८,०००.०० बजेट निकासा भएकोमा रु १४,०३,६३,३६८.०० खर्च भएको छ ।

## यस चालु आ.व. को संचित कोष खातामा प्राप्त संघीय तथा प्रादेशिक अनुदान र राजश्व बाँडफाँडको अवस्था यस प्रकारको रहेको छ ।

| अनुदान | अख्तियारी | संचित कोष खातामा आम्दानी रकम | निकासा बाँकी रकम |
|---|---|---|---|
| **संघ समानिकरण** | २४,८८,००,००० | १८,६६,००,००० | ६,२२,००,००० |
| **संघ विशेष** | १,७०,००,००० | ० | १,७०,००,००० |
| **संघ समपुरक** | १,२०,००,००० | ० | १,२०,००,००० |
| **संघ सशर्त अनुदान** | _ | | |

| | | | |
|---|---|---|---|
| **नेपाल सरकार** | ३६,९१,००,००० | २७,५४,७६,७५० | **९,३६,२३,२५०** |
| **एस ई एस पि सोध भर्ना अनुदान चालु** | १,२३,००,००० | ३०,७५,००० | **९२,२५,०००** |
| **आ ई डि ए सोध भर्ना ऋण चालु** | ४९,००,००० | २१,५४,५०० | **२७,४५,५००** |
| **एस ई एस पि सोध भर्ना ऋण चालु** | २,५१,००,००० | ६२,७५,००० | **१,८८,२५,०००** |
| **नेपाल सरकार आन्तरिक ऋण पुजिगत** | १,८३,००,००० | ८२,७५,००० | **१,००,२५०००** |
| **आ ई डि ए सोध भर्ना ऋण पुजिगत** | ३,००,००० | ७५,००० | **२,२५,०००** |
| **प्रदेश विशेष अनुदान** | ७५,००,००० | ५६,२५,००० | **१८,७५,०००** |
| **प्रदेश समानिकरण अनुदान** | २,५७,५९,००० | १,९३,१९,२५० | **६४,३९,७५०** |
| **प्रदेश समपुरक अनुदान** | २,९८,७२,००० | २,२४,०४,००० | **७४,६८,०००** |
| **प्रदेश सशर्त अनुदान** | ४,३७,३०,००० | ३,२७,९७,५०० | **१,०९,३२,५००** |
| **राजश्व बाँडफाँड संघ** | १४,३२,७८,००० | ५,२५,१४,८६०.४९ | **९,०७,६३,१३९.५१** |
| **राजश्व बाँडफाँड प्रदेश** | ६,०६,८४,००० | २,७७,२७,७०१.१६ | **३,२९,५६,२९८.८४** |
| **कुल जम्मा** | **१,०१,८६,२३,०००** | **६४,२३,१९,५६१.७** | **३७,६३,०३,४३८.४** |

माथि पेश भएका विभिन्न शिर्षकगत बजेटको अवस्था हेर्दा चालु आ.व.२०७९/०८० मा राजश्व बाँडफाँड संघ र प्रदेश तथा आन्तरिक श्रोत तर्फको बजेट तथा मालपोत रजिस्ट्रेसनबाट प्राप्त हुने लक्ष्य शत प्रतिशत प्राप्त नभई श्रोतको अभाव हुन जाने देखिन्छ तथापि योजनाको दायित्व सिर्जना भइसकेको हुँदा नगरपालिकाबाट विनियोजन भएका कार्यक्रमहरु प्राथमिकताको आधारमा योजना सम्झौता एवं कार्यान्वयन तथा भुक्तानीको व्यवस्था मिलाइको छु । ।अन्तमा, समयावधि भित्रै बजेट तथा कार्यक्रम कार्यान्वयनमा सहयोग गर्नुहुन सम्पूर्ण जनप्रतिनिधीहरु, कर्मचारीहरु र समग्र नगरवासीहरुमा अनुरोध गर्दछु ।

**जय नीलकण्ठ ।।।**

नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## नीलकण्ठ नगरपालिकाको दोस्रो नगर सभाको दोस्रो अधिवेशनका निर्णयहरुः

१. यस नगरपालिकाको दोस्रो नगर सभाको दोस्रो अधिवेशनको कार्य तालिका स्वीकृत गर्ने निर्णय गरियो।

२. यस नगरपालिकाको दोस्रो नगर सभाको प्रथम अधिवेशनवाट चालु आ.व.२०७९/०८० मा कार्यान्वयन हुने गरी स्वीकृत नीति तथा कार्यक्रमको समिक्षा तथा प्रतिवद्धता प्रतिवेदन सभामा उठेका सवाल, जिज्ञासाहरुको सभाध्यक्षद्वारा संवोधन गरी पास गर्ने निर्णय गरियो।

३. यस नगरपालिको आ.व. २०७९/०८० को संशोधित बजेट कार्यक्रम सहितको विनियोजन ऐन, २०७९ र आर्थिक ऐन, २०७९ लाई स्वीकृत गर्ने निर्णय गरियो ।

४. गत आ.व. २०७८/२०७९ को चालु खर्च र पूँजिगत खर्चको यथार्थ विवरण र चालु आ.व. २०७९/०८० को माघ मसान्तसम्मको प्रगति/मुख्य उपलब्धी सहितको आर्थिक समीक्षा पारित गर्ने निर्णय गरियो ।

५. न्यायिक समितिका संयोजक एवम् उपप्रमुख श्री दिपक विश्वकर्माज्यूवाट प्रस्तुत मिति २०७९ फागुन १५ गतेसम्म न्यायिक समितिद्धारा सम्पादित कार्यको प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

६. यस नगरपालिकाको दोस्रो नगर सभाको प्रथम अधिवेशनवाट विनियोजित बजेटको सिमाभित्र रही तत्काल सम्वोधन गर्नुपर्ने गरी नगर प्रमुखस्तरीय निर्णयबाट कार्यान्वयन भएका सम्पूर्ण योजना तथा कार्यक्रमहरु स्वीकृत गर्ने निर्णय गरियो ।

७. यस नगरपालिकाको दोस्रो नगर सभाद्वारा चालु आ.व. २०७९/०८० मा कार्यान्वयन हुने पारित नीति, कार्यक्रम र बजेटको सिमामा प्रभाव नहुने गरी तत्काल संवोधन गर्नुपर्ने भै कार्यान्वयनका लागि भएका नगर कार्यपालिका वैठकका सम्पूर्ण निर्णयहरु, नगर प्रमुखस्तरीय सम्पूर्ण निर्णयहरु, सवै विषयगत समितिहरुका निर्णयहरु एवम् समितिहरुवाट सिफारिस भई कार्यपालिकावाट स्वीकृति भएका योजनाहरु, अन्य समितिहरुवाट भएका सम्पूर्ण निर्णयहरु तथा कार्यालयको निर्णयवाट भएका सम्पूर्ण काम कारवाहीहरु स्वीकृत गर्ने निर्णय गरियो।

८. यस नगरपालिकाको दोस्रो नगर सभाको प्रथम अधिवेशनवाट स्वीकृत भएका योजना तथा कार्यक्रममा असर नपर्ने गरी सम्वन्धित शीर्षकमा खर्च नभएका एवम् स्वीकृत बजेट शीर्षकहरुमा बचत हुने रकमवाट यस कार्यालयमा तत्काल कार्यान्वयन गर्नुपर्ने भै प्राप्त भएका योजना तथा कार्यक्रमका सम्बन्धमा नगर कार्यपालिकाको विभिन्न वैठकवाट भए गरेका सम्पूर्ण योजना तथा कार्यक्रमहरुलाई स्वीकृत गर्ने निर्णय गरियो ।

९. यस नगरपालिकाको दोस्रो नगर सभाको प्रथम अधिवेशनको निर्णय नं. २४ तथा निर्णय नं. ४४ बमोजिम बजेट कार्यक्रमको कार्यान्वयनको सिलसिलामा विभिन्न योजना तथा कार्यक्रममा विभिन्न बजेट शिर्षकवाट रकम व्यवस्थापन गर्नुपर्ने भएकोमा निम्नानुसार रकमान्तर तथा शीर्षकान्तर गरी बजेट कार्यक्रम कार्यान्वयन गर्ने/गराउने गरी भएका निर्णयहरु स्वीकृत गर्ने । साथै तपसिल बमोजिमका योजना कार्यान्वयनका लागि श्रोत व्यवस्थापन गर्ने निर्णय गरियो ।

## श्रोत व्यवस्थापनका लागि रकमान्तर गरिएका शीर्षकहरु

### रकमान्तर गर्नु पर्ने शीर्षकहरु

| सि.न. | विनियोजन शीर्षक | विनियोजन रकम | रकमान्तर गर्नुपर्ने शीर्षक | रकमान्तर गरिएको रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | समपुरक/ साझेदारी कोष | ४७९८२००० | अन्य सार्वजनिक निर्माण | ३१५००००० | |
| | | | सेवा अनुसन्धान तथा परामर्श | २५००००० | |
| २ | वैदेशिक भ्रमण | २५००००० | पानी तथा विजुली | २००००० | |
| | | | संचार महशुल | ३००००० | |
| | | | इन्धन कार्यालय प्रयोजना | १५००००० | |
| | | | सवारी साधन मर्मत कार्यालय प्रयोजन | ५००००० | |
| ३ | पर्यटन प्रर्वधन भ्रमण खर्च | १५००००० | सवारी साधन मर्मत कार्यालय प्रयोजन | १०००००० | |
| | | | सभा सञ्चालन खर्च | ५००००० | |
| कुल जम्मा | | ५१९८२००० | | ३८०००००० | |

# तपसिल

## तालिका नं. १

| बजेट शिर्षक : सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च | | | |
|---|---|---|---|
| सि.न. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | बजेट शिर्षक |
| १ | हटिया चौतार देखी माथिल्लो हटिया सम्म जोड्ने सडकमा पक्की ड्रेन निर्माण नी.न.पा.८ | १०००००० | सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च |
| २ | सल्लाधारी वगैंचा स्तरोउन्नती ( खानेपानी ) नी.न.पा.१० | ७००००० | सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च |
| ३ | विमिरे झोलुङ्गे पुल मर्मत नी.न.पा.४ | १०००००० | सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च |
| ४ | जनक मोडदेखी माथीवाट ठुलोटार जाने बाटो स्तरोउन्नती नी.न.पा.१२ | ७००००० | सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च |
| ५ | भुपु सैनिकको भवन निर्माण तथा सुधार नी.न.पा.३ | ३००००० | सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च |
| ६ | गैरीचौर खेलमैदान विस्तार नी.न.पा.१४ | ४००००० | सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च |
| ७ | शत्ते शक्ति मन्दिर निर्माण नी.न.पा.८ | ५००००० | सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च |
| ८ | विन्दा वासिनि धार्मिक क्षेत्र संरक्षण नी.न.पा.८ | २५०००० | सार्वजनिक सम्पत्तिको मर्मत संभार खर्च |
| **कुल जम्मा** | | **४८५००००** | |

## तालिका नं. २

| बजेट शिर्षक: मर्मत सम्भार कोष | | | |
|---|---|---|---|
| सि.न. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | बजेट शिर्षक |
| १ | गोर्णेश्वर महादेव मन्दिर कम्पाउड निर्माण (नेत्रावती डवजोङ गाउँपालिका सँग साझेदारीमा कार्यान्वयन गर्ने गरी ) | ५००००० | मर्मत संभार कोष |
| २ | पात्ले खानेपानी आयोजना स्किम २ नी.न.पा.१ | १४००००० | मर्मत संभार कोष |
| ३ | श्री तमैरातमाटे माध्यामिक विधालय शैक्षिक भ्रमण अपुग रकम नी.न.पा.१४ | ५०००० | मर्मत संभार कोष |

| | | | |
|---|---|---|---|
| ४ | कृषि तथा वनजन्य अब्राहम नर्सरी उद्योग वृक्षारोपण कार्यका लागि नी.न.पा.३ | ३००००० | मर्मत संभार कोष |
| ५ | भैरवीकोट सिढि निर्माण नी.न.पा.९ | ५००००० | मर्मत संभार कोष |
| ६ | वि.पि गाउ लाहुरे गाउँमा आमा समुहको लागि सामुदायिक भवन निर्माण नी.न.पा.१३ | ५००००० | मर्मत संभार कोष |
| ७ | वि.पि गाउँ किराखोर आमा समुहको लागि समुदायिक भवन निर्माण नी.न.पा.१३ | ५००००० | मर्मत संभार कोष |
| ८ | वि.पि. गाउँ मधुवनको आमा समुहको लागि समुदायिक भवन निर्माण नी.न.पा.१३ | ५००००० | मर्मत संभार कोष |
| ९ | नीगलपानी काफलपानी खानेपानी कार्य नी.न.पा.९ | ५१०८६० | मर्मत संभार कोष |
| **कुल जम्मा** | | **४७६०८६०** | मर्मत संभार कोष |

तालिका नं. ३

| बजेट शिर्षक : अन्य सार्वजनिक निर्माण | | | |
|---|---|---|---|
| सि.न. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | बजेट शिर्षक |
| १ | राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपाल केन्द्रीय महाधिवेशन सम्मान एवम् विविध सांस्कृतिक कार्यक्रम | १०००००० | अन्य सार्वजनिक निर्माण |
| २ | धोमङ पाठ, विश्व शान्तिको पुजा तथा वौद्ध धर्म भाषा र लिपिको अध्ययन कार्यक्रम (पाल्छेन वौद्ध गुम्वा नी.न.पा.१४ | २००००० | अन्य सार्वजनिक निर्माण |
| ३ | भोर्लेसमी डाँडावाट उचेत जाने सडक स्तरोउन्नती नी.न.पा.१३ | ७००००० | अन्य सार्वजनिक निर्माण |
| ४ | विर्ताविसी सिंचाइकुलो मर्मत तथा स्तरोउन्नती नी.न.पा.८ | ३००००० | अन्य सार्वजनिक निर्माण |
| ५ | विमिरेडाँडा खेलमैदान निर्माण नी.न.पा.१३ | १५००००० | अन्य सार्वजनिक निर्माण |
| ६ | प्लटिङ्ग जलविरे सडकको अरुङखोला पुल (कसाइटोल पुल) मर्मत नी.न.पा.४ | १०००००० | अन्य सार्वजनिक निर्माण |
| ७ | गैरीगाउँ ड्याङ खानीखोला सडक निर्माण नी.न.पा.५ | ३००००० | अन्य सार्वजनिक निर्माण |

| | | | |
|---|---|---|---|
| ८ | पाल्पाली टोल, देउराली पिमलटार सडकको धयराधारी देखी देउराली खानीखोला दोभान सम्म ग्रावेल तथा नाली निर्माण नी.न.पा.५ | १५००००० | अन्य सार्वजनिक निर्माण |
| ९ | बगैंचा बस्ती संरक्षण नी.न.पा.८ | १६०००० | अन्य सार्वजनिक निर्माण |
| १० | मालेवगर चर्च शौचालय निर्माण नी.न.पा.३ | ३००००० | अन्य सार्वजनिक निर्माण |
| ११ | आरामकेन्द्र निर्माण (लापा साङ्गकोष एकता समाज) नी.न.पा.१२ | २५०००० | अन्य सार्वजनिक निर्माण |
| १२ | पाल्पाटोल खानेपानी योजना नी.न.पा.५ | ३००००० | अन्य सार्वजनिक निर्माण |
| १३ | लखन थापा मगरको स्मृतिमा अर्धकदको सालिक संरक्षण नी.न.पा.३ | १५०००० | अन्य सार्वजनिक निर्माण |
| १४ | पण्डितचौर आधारभुत विद्यालय नी.न.पा.१२ | ५००००० | अन्य सार्वजनिक निर्माण |
| १५ | विजय आशिस मण्डलि वाल संगित भवन नी.न.पा.६ | २५०००० | अन्य सार्वजनिक निर्माण |
| १६ | भैरवी सामुदायिक विकास समुह ट्रस निर्माण नी.न.पा.६ | २००००० | अन्य सार्वजनिक निर्माण |
| १७ | भैरवी स्वास्थ्य महिला समुह ट्रस निर्माण नी.न.पा.६ | २००००० | अन्य सार्वजनिक निर्माण |
| १८ | नवयूवा टोल सुधार समितिको भवन मर्मत तथा भाडाकुडा टेन्ट साउण्ड सिस्टम खरिद नी.न.पा.६ | ३५०००० | अन्य सार्वजनिक निर्माण |
| १९ | सुन्दरवस्ती टोलसुधार समिति देखी आँपखोला सम्म जाने सडक स्तरोउन्नती नी.न.पा.४ | ७००००० | अन्य सार्वजनिक निर्माण |
| २० | नीलकण्ठेश्वर मन्दिर निर्माण (जि.प्र.का) नी.न.पा.३ | ८००००० | अन्य सार्वजनिक निर्माण |
| २१ | मनरुपी मन्दिर निर्माण नी.न.पा.१३ | ५००००० | अन्य सार्वजनिक निर्माण |
| २२ | न्यूवोटे टारी खानेपानी योजना नी.न.पा.९ | ९००००० | अन्य सार्वजनिक निर्माण |
| २३ | श्री त्रिपुरासुन्दरी मष्टमण्डली मन्दिर जाने बाटो निर्माण नी.न.पा.११ | ५००००० | अन्य सार्वजनिक निर्माण |
| २४ | ताल्लोवेशी खा.पा योजना मर्मत नी.न.पा.७ | १५०००० | अन्य सार्वजनिक निर्माण |
| | **जम्मा रु** | १२७१०००० | |

तालिका नं. ४

**बजेट शिर्षक : अन्य सार्वजनिक निर्माण**

| सि.न. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | बजेट शिर्षक |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | हिले खर्क गैरीगाउँ नेपालडाँडा खा.पा. मर्मत तथा व्यवस्थापन नी.न.पा.४ | २००००० | अन्य सार्वजनिक निर्माण |
| २ | मुरलीभञ्ज्याङ्ग स्वास्थ्य चौकी कम्पाउड, धेरावार तथा कार्यालय व्यवस्थापन नी.न.पा.९ | ५००००० | अन्य सार्वजनिक निर्माण |
| ३ | आँपखोला खण्ड कजवेवाट पालेको वन जाने कच्ची सडक मर्मत नी.न.पा.४ | २५०००० | अन्य सार्वजनिक निर्माण |
| ४ | भैरवी मन्दिर छाना छाउने लगायत विविध कार्यका लागि नी.न.पा.६ | २५००००० | अन्य सार्वजनिक निर्माण |
| ५ | वालिम खोला कुलो मर्मत तथा वाढी पहिरो नियन्त्रण नी.न.पा. ४ | ३५०००० | अन्य सार्वजनिक निर्माण |
| ६ | सिप्लिकाने खानेपानी ट्याङ्की निर्माण नी.न.पा.८ | ३००००० | अन्य सार्वजनिक निर्माण |
| ७ | मनरुपा सामुदायिक भवन ढलान नी.न.पा.५ | ६००००० | अन्य सार्वजनिक निर्माण |
| ८ | श्री भंगेरी देवी माता मन्दिर पुननिर्माण नी.न.पा.१३ | ३००००० | अन्य सार्वजनिक निर्माण |
| ९ | घेझार सिउँडीवार सडकको नाला तथा ग्रावेल नी.न.पा.२ | ३००००० | अन्य सार्वजनिक निर्माण |
| १० | च्याङ्ग मरनघाट स्तारोउन्नती नी.न.पा.८ | १०००००० | अन्य सार्वजनिक निर्माण |
| ११ | दर्वुङ डाँडा लाउरेगाउँ सडक स्तरोउन्नती नी.न.पा.१३ | ४००००० | अन्य सार्वजनिक निर्माण |
| १२ | भदुवार खानेपानी निर्माण नी.न.पा.१२ | ११००००० | अन्य सार्वजनिक निर्माण |
| १३ | चिलाउने भञ्याङ देखी गैरीगाउँ सडक स्तरोउन्नती नी.न.पा. २ | ५००००० | अन्य सार्वजनिक निर्माण |
| १४ | रिजालगाउँ देखी शान्तिटार कार्की डाँडा सिम्लेखेत जोड्ने सडक स्तरोउन्नती नी.न.पा.३ | ६००००० | अन्य सार्वजनिक निर्माण |
| | जम्मा रु | ८९००००० | |

<u>तालिका नं. ५</u>

| **बजेट शिर्षक : सस्कृतिक प्रर्वद्धन कार्याक्रम तथा सहकारीहरालाई मागमा आधारित कार्यक्रम** | | | |
|---|---|---|---|
| सि.न. | योजना तथा कार्यक्रमको नाम | विनियोजित रकम | बजेट शिर्षक |
| १ | तमु भाषा तथा लिपि सम्वन्धी प्रशिक्षण कार्यक्रम | २००००० | संस्कृति प्रवर्द्धन तर्फ |
| २ | तामाङ घेदुङ लोछार कार्यक्रम | १००००० | संस्कृति प्रवर्द्धन तर्फ |
| ३ | संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धन केन्द्र गोरु जुधाइ कार्यक्रम तथा कृषि तथा हस्तकला कार्यक्रम | ४५०००० | संस्कृति प्रवर्द्धन तर्फ |

| | | | |
|---|---|---|---|
| | धादिङ वचत तथा ऋण सहकारी कार्यक्रम सञ्चालन | २००००० | सहकारीहरुलाई मागमा आधारित कार्यक्रम |
| **कुल जम्मा** | | ९५०००० | |

१०.नगरकार्यपालिका तथा नगरकार्यपालिकाको कार्यालय मातहतमा सेवारत सम्पूर्ण करार तथा ज्यालादरीका कर्मचारीहरु, सुरक्षा गार्ड, सरसफाई कर्मचारीहरु, स्वास्थ्य चौकीहरुमा कार्यरत करारका कर्मचारीहरु, र वडामा कार्यरत सहायक कर्मचारीहरु लगायत सम्पूर्ण कार्मचारीहरुको करार म्याद मिति २०८० असारमसान्त सम्म थप गरी कर्मचारीहरुको उच्च मनोवल कायम राखि कार्यसम्पादनलाई चुस्त दुरुस्त वनाई सेवा प्रवाहमा थप पारदर्शीता एवम् जवाफदेहिता वनाउन नेपाल सरकारद्वारा निर्धारण भए बमोजिमको आ.व. २०७९/०८० देखी कार्यान्वयन हुने गरी वृद्धि भएको तलव हाल खाईपाई आएको तलवमा थप गरी मिति २०७९ साल चैत्र १ गते देखी लागू हुने गरी उपलब्ध गराउने निर्णय गरियो।

११.यस नगरपालिकाका नगर प्रमुखज्यू नेपाल नगरपालिका संघको गरिमामय अध्यक्ष पदमा निर्वाचित हुन भएको र देशका सवै नगरपालिकाहरुको समग्र विकास र सुदृढीकरणमा सवै समय खटिनुपर्ने भएको हुदाँ नगर प्रमुखको सवारी साधन चलाउने चालकलाई अत्यधिक कार्य चाप हुने एवम् सार्वजनिक विदाको दिन र विहान वेलुकासमेत थप कामकाज गर्नुपर्ने भएको हुदाँ मिति २०७९ चैत्र १ गते देखी लागू हुने गरी नगर प्रमुखज्यूको सवारी चालकलाई मासिक रुपमा अतिरिक्त भत्ता स्वरुप रु १५,०००।- (अक्षेरूपी पन्ध्र हजार) थप सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

१२. दोस्रो नगर सभाको प्रथम अधिवेशन निर्णय नं. ३६ लाई संशोधन गरी यस नगर वडा नं. ३ मा रहेको आयुर्वेद स्वास्थ्य केन्द्र हाल कायम रहेको स्थानमा ठाउँ अभावका कारण साधुरो भई सेवाग्राहीहरुले उचित सेवा प्राप्न गर्न असहज भएको अवस्थालाई मध्य नजर गरी यस नगरपालिका वडा नं. ३ स्थित शेराकान्लामा रहेको सार्वजनिक जग्गा (करिव सात रोपनी) लाई आयुर्वेद स्वास्थ्य केन्द्रको भवन निर्माणका उपलब्ध गराउने निर्णयका लागि एवम् उक्त जग्गा आयुर्वेद स्वास्थ्य केन्द्रको नाममा श्रेष्ता कायमका लागि सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

१३. यस नगरपालिका अन्तर्गत गत आ.व. विपद हल वगैंचा निर्माण नी.न.पा. ३ मा विनियोजित रु १५,००,०००।- (अक्षेरुपी पन्ध्र लाख) विविध कारणले कार्यान्वयन हुन नसकेको र चालु आ.व. २०७९/०८० मा कार्यान्वयन गर्ने गरी दोस्रो नगर सभाको प्रथम अधिवेशनको निर्णय नं. २१ को सि.न १५९ मा दायित्व सारिएकोमा उक्त योजनालाई तपसिल बमोजिम हुने गरी रकम वाडँफाँड गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

**तपसिल**

क. विपद भवनको वगैंचा निर्माण रु १० लाख ।

ख. विपद भवन भित्र फर्निचर तथा फिक्सिङको कार्य रु ५ लाख ।

१४. यस नगरपालिकाको आ.व. २०७८/०७९ मा कार्यान्वयन हुने गरी नी.न.पा. वडा नं. ८ मा वडा स्तरीय खानेपानी शीर्षकमा विनियोजन भएको योजनाका सम्बन्धमा मिति २०७९/०८/१७ गतेको कार्यपालिका वैठकको निर्णय नं. १२ द्वारा उक्त योजनाका सम्बन्धमा भएका सम्पूर्ण प्रक्रियाहरु रद्द गरी सोही वडामा अन्य खानेपानी सम्वन्धी आयोजना सञ्चालन गर्ने गरी भएको निर्णयानुसार सो योजनाका लागि विनियोजित बजेटवाट तपसिल बमोजिमका आयोजनाहरुमा रकम वाडँफाड गरी आयोजना कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपसिल**

१. पाखीखोला विर्तावेसी खानेपानी योजना नी.न.पा ८ रु २५ लाख ।

२. विर्तावेसी ससाह खानेपानी योजना नी.न.पा ८ रु २५ लाख ।

१७. नीलकण्ठ नगरपालिका वडा नं. ९ स्थित ज्वालामुखी कृषि तथा पशुपालन सहकारी संस्था लि.द्वारा सहकारीवाट उत्पादन भएको कृषि लगायत अन्य कृषिजन्य सामाग्री संकलन तथा ढुवानी गरी कृषिजन्य सामाग्रीहरुको वजारिकरण गर्दै सहकारीमा आवद्ध सदस्यहरुलाई आर्थिक रुपान्तरणमा टेवा पुऱ्याउने उद्देश्य र सोही प्रयोजनार्थ खरिद गर्ने सवारी साधनमा खरिद गर्दा लाग्ने रकममा नगरपालिकाको तर्फवाट ५० प्रतिशत लागत साझेदारी हुने गरी आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

१८. नीलकण्ठ नगरपालिका वडा नं.६ मा चालु आ.व. २०७९/८० मा कार्यान्वयन हुने गरी वडागत बजेटवाट एम्वुलेन्स खरिद तथा व्यवस्थापन शीर्षकमा रु १५,००,०००।- विनियोजन भएकोमा उक्त एम्वुलेन्स खरिदका लागि भन्सार छुट लगायत एम्वुलेन्स खरिदका अन्य आवश्यक प्रक्रियामा सहजिकरण गर्न सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

१९. नीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई व्यवस्थित गर्न वनेको **नीलकण्ठ नगरपालिकाको न्यायीक समिति (कार्यविधि सम्वन्धी) ऐन, २०७४** को परिच्छेद ८ दफा ५९ उपदफा (१) (क) मा भएको व्यवस्थालाई तपसिल बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

**भएको** : दफा ५९ को उपदफा (१) को (क) कम्तिमा स्नातक उत्तिर्ण गरेको,

**सशोधन गरिएको** : कम्तिमा +२ उत्तिर्ण गरेको

२०. यस नगरपालिका अन्तर्गत आ.व. २०७९/०८० मा कार्यान्वयन हुने नगर सभावाट विनियोजित भएका तपसिल बमोजिमका योजना तथा कार्यक्रमहरु आवश्यक संशोधन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपसिल**

| सि.न | भएको योजनाको नाम | रकम | हुनुपर्ने नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | तारुखर्क रम्तेल सेवा समाज भाडाकुडा खरिद र वतासे वि.क. टोल मन्दिर निर्माण | ४,००,०००।- | तारुखर्क रम्तेल सेवा समाज भाडाकुडा खरिद | २,००,०००।- | |
| | | | ढलेकोवर सार्वजनिक शौचालय निर्माण वडा नं. ७ | २,००,०००।- | |
| २ | उड्डौ निर्माण भ्याक्सिन | ३,००,०००।- | सुत्केरी गाई भैसीको लागि पोषण आहार व्यवस्थापन | ८,००,०००।- | |
| | तालिम/गोष्ठि (खोर गोठ/ आहार/प्रजनन खोप) | ५,००,०००।- | | | |
| ३ | तिमल्सिना गाउँ ढकाल गाउँ जनभावना आ.वि देखी शेरावेसी खानेपानी नी.न.पा. १० | ६,००,०००।- | दारेगौंडा दलित वस्ती खानेपानी आयोजना नी.न.पा.१० | ६,००,०००।- | |
| ४ | इलेक्ट्रसियन तालिम नी.न.पा.६ | २०००००।- | निम्न आयस्तर भएका व्यक्तिहरुका लागि ७० प्रतिशत अनुदानमा उन्नत जातको पाठी वितरण नी.न.पा. ६ | २०००००।- | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | गायत्री चौतारावाट वाँझगरा हुदै ठूलो वगर सडक मर्मत (चालु आ.व. को योजना) | १,००,०००।- | गायत्री चौतारोवाट वाँझगरा हुदै ठूलो वगर सडक मर्मत वडा नं. १० | २,००,०००।- | |
| | तल्लो भदौरे भुते ढुंगा गोरेटो मर्मात | १,००,०००।- | | | |
| ६ | पहरे चौतारा तेस्रोबाटो सडक कुनामा ड्रेन वनाउने, वगालेटार सडक मर्मत नी.न.पा.३ | ६,००,०००।- | पहरे चौतारा माथी तेस्रोबाटो ढलान तथा वगालेटार सडक मर्मत नी.न.पा.३ | ६,००,०००।- | |
| ७ | धारापानी टोल गामा चौतारा सिढि निर्माण नी.न.पा. ९ | ५,००,०००।- | धारापानी टोल गामा चौतारा सडक निर्माण नी.न.पा. ९ | ५,००,०००।- | |
| ८ | पात्ले स्कुल ग्रावेल तथा ड्रेन निर्माण एवम् स्कुल देखी सोति ढुंगासम्म सिढि निर्माण नी.न.पा. १ | १०,००,०००।- | पिपलडाँडा देखी पात्ले स्कुलसम्म पक्कि सडक र पक्कि नाला निर्माण | १०,००,०००।- | |
| ९ | उत्पादनका आधारमा कृषि अनुदान नी.न.पा.७ | ८,००,०००।- | वडा कार्यालय सम्म ढलान | ८,००,०००।- | |
| १० | रामकोट वचत तथा ऋण सहकारी संस्था लि. नी.न.पा. ८ | ५०००००।- | रामकोट वृहत जल उपभोक्ता संस्था खा.पा. पाइपलाइन विस्तार | १००००००।- | |
| | नारीसाहित्य प्रतिष्ठन विविध कार्यक्रम | ५०००००।- | | | |
| ११ | मेलमिलापकर्ता अभिमुखीकरण र मेलमिलापकर्ता पुर्नताजगी तालिम | ५,००,०००।- | मेलमिलापकर्ता अभिमुखीकरण र मेलमिलापकर्ता पुर्नताजगी तालिम | ८,००,०००।- | |
| | सरोकारवाला निकायहरु सँगको अन्तरक्रिया कार्यक्रम | ३,००,०००।- | | | |

२१. यस नगरपालिकाको कार्य-सम्पादनलाई व्यवस्थित वनाउनको लागि निम्नानुसारका कार्यविधिहरु अत्यावश्यक भएकाले निर्माण भै यस कार्यपालिकाको वैठकमा आवश्यक स्वीकृतिका लागि पेश भएका एवम् निर्मित भै कार्यान्वयन भइरहेका ऐनहरुमा संशोधन गर्नु पर्ने कानूनहरुका सम्बन्धमा यस कार्यपालिका वैठकमा पेश भएका संशोधित ऐन,कार्यविधिहरुको मस्यौदा उपर छलफल गरी प्राप्त सुझावहरु समावेश गरी स्वीकृत गर्ने निर्णय गरियो ।

<u>तपसिल</u>

क) नीलकण्ठ नगर विकास प्राधिकरण विधेयक, २०७९ का सम्बन्धमा ।

ख) कृषि तथा पशुपंक्षी सम्वन्धी उत्पादनमा आधारित अनुदान सम्बन्धि कार्यविधि,२०७९ का सम्बन्धमा ।

ग) नीलकण्ठ नगरपालिकाको साझेदारी (म्याचिङ्गफण्ड) कार्यक्रम सञ्चालन विधेयक, २०७९ सम्बन्धमा ।

घ) नीलकण्ठ नगरपालिकाको सहकारी ऐन,२०७४ संशोधनमा ।

२२. यस नगरपालिका अन्तर्गत गत आ.व. मा हिमाल महिला उत्थान समाजको विविध कार्यक्रम सञ्चालन गर्ने गरी रु १५,००,०००।- (अक्षेरुपी पन्ध्र लाख) विनियोजन भएकोमा उक्त कार्यक्रम विविध कारणले कार्यान्वयन हुन नसकेको र चालु आ.व. २०७९/०८० मा कार्यान्वयन गर्ने गरी दोस्रो नगर सभाको प्रथम अधिवेशनको निर्णय नं. २१ को सि.न २५६ मा दायित्व सारिएकोमा उक्त योजनालाई तपसिल बमोजिम हुने गरी कार्यक्रमगत शीर्षकमा रकम वाडँफाँड गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

## तपसिल

क. महिला शसक्तिकरण तथा नेतृत्व विकास कार्यक्रम सञ्चालन रु १० लाख ।

ख. नीलकण्ठ नगरपालिकाका महिला जनप्रतिनिधिहरुका लागि सकारात्मक सोच प्रर्वद्धन तथा क्षमता अभिवृद्धि तालिम रु ५ लाख ।

२३. यस नगरपालिकाको दोस्रो नगर सभाको प्रथम अधिवेशनवाट चालु आ.व.मा कार्यान्वयन हुने गरी स्वास्थ्य शाखा तर्फको सि.नं. ५ मा स्वास्थ्य संस्थाहरुको लागि औंषधी खरिद शीर्षकमा विनियोजन भएको रु ६२,००,०००।- (अक्षेरुपी रु वैसठ्ठि लाख) रुपैया मध्ये तपसिल बमोजिमका शीर्षकमा खर्च गर्ने गरी रकमान्तर गर्ने निर्णय गरियो ।

## तपसिल

क. स्वास्थ्य संस्थाहरुको लागि औंषधी खरिद रु २७,००,०००।-

ख. स्वास्थ्य सर्जिकल समान खरिद रु २५,००,०००।-

ग. किड्नी ट्रष्पलान्ट, डायलाइसिस, मेरुदण्ड पक्षघात, क्यान्सर विरामीहरुको लागि शोधभर्ना रकम रु १०,००,०००।-

२४. यस नगरपालिकाको नवौं नगर सभाद्बारा गत आ.व. २०७८/०७९ मा कार्यान्वयन हुने गरी वडागत बजेट शीर्षक अन्तर्गत वडा नं. १३ मा टुक्रे योजना तथा पूर्वाधार मर्मत संभार तर्फ स्वास्थ्य चौकी कार्यालय मर्मत संभार शीर्षकमा रु २,००,०००।- विनियोजन गरेको र उक्त शीर्षकमा विनियोजन भएको रकम कार्यान्वयनको चरणमा रहेको र सो योजनालाई चालु आ.व.मा दायित्व सार्न छुट भएको हुदाँ उक्त योजनालाई कार्यसम्पन्न पश्चात प्राविधिक मुल्याङ्कन गरी भुक्तानी गर्ने निर्णय स्वीकृत गर्ने निर्णय गरियो ।

२५. यस नगरपालिकाको स्वीकृत दरवन्दी अनुसार पदस्थापना भै कार्यारत नगर प्रहरीहरुको कार्य चाप एवम् अतिरिक्त कार्यसमेत गर्नुपर्ने भएकोले नगर प्रहरीहरुलाई मिति २०७९ चैत्र १ गते देखी लागू हुने गरी प्रति दिन रु २०० का दरले राशन भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

२६. यस नगरपालिकाको दशौं नगर सभावाट शिक्षा तर्फ कार्यान्वयन हुने गरी आ.व. २०७८/०७९ मा विद्यालयमा सूचना प्रविधि विस्तार/इन्टरनेट सि.सि. क्यामेरा इ-हाजिरी शीर्षकमा विनियोजित बजेट विविध कारणले कार्यासम्पादन हुन नसकि चालु आ.व. २०७९/८० मा कार्यान्वयन हुने गरी दोस्रो नगर सभाको प्रथम अधिवेशनवाट दायित्व सारिएको सि.न. २८१ ( विद्यालयमा सूचना प्राविधि विस्तार ( इन्टरनेट, सि.सि. क्यामेरा, इ- हाजिरी) शीर्षकमा विनियोजन भएको रु ३०,२७,०००।- (अक्षेरुपी रु तिस लाख सत्ताइस हजार ) रुपैया मध्ये तपसिल बमोजिमका शीर्षकमा खर्च गर्ने गरी विभाजन गर्ने निर्णय गरियो ।

**तपसिल**

घ. सवै माध्यमिक विद्यालयमा एकीकृत ई- हाजिरी उपकरण तथा प्रणालि जडान कार्य रु १४,००,०००।-

ङ. सवै माध्यमिक विद्यालयमा सि.सि.क्यामेरा जडान कार्य रु १६,२७,०००।-

१. नगर सभाको कार्यसूचि सम्वन्धमा ।

क. नगर प्रमुखज्यू/सभाध्यक्षज्यूको प्रवेश

ख. राष्ट्रिय गान

ग. नगर सभाका सम्पूर्ण सदस्यहरुलाई सम्वोधन सहित सभाध्यक्षज्यूवाट आ.व. २०७९/०८० को नीति तथा कार्यक्रमको समिक्षा तथा प्रतिवद्धता प्रस्तुत गर्ने,

घ. सभाध्यक्षज्यूद्धारा नगर उप-प्रमुखज्यूद्धारा आ.व. २०७९/०८० को संशोधित वजेट कार्यक्रम सहितको विनियोजन ऐन, २०७९ र आर्थिक ऐन, २०७९ लाई सभा समक्ष पेश गर्न समय दिने,

ङ. नगर उप-प्रमुखज्यूद्धारा प्रस्तुत आ.व. २०७९/०८० को संशोधित वजेट कार्यक्रम सहितको विनियोजन ऐन, २०७९ र आर्थिक ऐन, २०७९ लाई सभा समक्ष पेश भएको संशोधित वजेट, विनियोजन ऐन र आर्थिक ऐन उपर छलफल गरी नगर सभा सदस्यज्यूहरुले राखेका सुझावहरु एवम् सभामा उठाउनु भएका प्रश्नहरु, जिज्ञासाहरुलाई उचित सम्वोधन गरी सभावाट पारित गर्ने,

च. आ.व. २०७८/०७९ को चालु खर्च र पूँजिगत खर्चको यथार्थ विवरण र चालु आ.व. २०७९/०८० को माघ मसान्तसम्मको प्रगति/मुख्य उपलब्धीहरुको समिक्षा गरी सभा मार्फत पारित गराउने,

छ. सभाध्यक्षज्यूले तोकेका अन्य विविध विषयहरु,

ज. सभाध्यक्षज्यूद्धारा सम्पूर्ण सभाका सदस्यहरु लगायत उपस्थित सवैमा धन्यवाद ज्ञापन सहित सभा सम्पन्न भएको घोषण सहित सभा समापन गर्ने ।

मिति २०७९/१/२१ र २२ गते सम्पन्न दोस्रो नगर सभाको दोस्रो अधिवेशनको निर्णयप्रति उतार

**निर्णय नं. २६**

यस नगरपालिकाको दशौं नगर सभावाट शिक्षा तर्फ कार्यान्वयन हुने गरी आ.व. २०७८/०७९ मा विद्यालयमा सूचना प्रविधि विस्तार/इन्टरनेट सि.सि. क्यामेरा इ-हाजिरी शीर्षकमा विनियोजित बजेट विविध कारणले कार्यासम्पादन हुन नसकि चालु आ.व. २०७९/८० मा कार्यान्वयन हुने गरी दोस्रो नगर सभाको प्रथम अधिवेशनवाट दायित्व सारिएको सि.न. २८१ ( विद्यालयमा सूचना प्राविधि विस्तार ( इन्टरनेट, सि.सि. क्यामेरा, इ- हाजिरी) शीर्षकमा विनियोजन भएको रु ३०,२७,०००।- (अक्षेरुपी रु तिस लाख सत्ताइस हजार ) रुपैया मध्ये तपसिल बमोजिमका शीर्षकमा खर्च गर्ने गरी विभाजन गर्ने निर्णय गरियो ।

**तपसिल**

च. सवै माध्यमिक विद्यालयमा एकीकृत ई- हाजिरी उपकरण तथा प्रणालि जडान कार्य रु १४,००,०००।-

छ. सवै माध्यमिक विद्यालयमा सि.सि.क्यामेरा जडान कार्य रु १६,२७,०००।-